नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०७९/०९/१४ गते ।

## प्रेस विज्ञप्ती- ३८

### "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १७, धोबिचौर बस्ने राममान श्रेष्ठले नेपाल वैंक लिमिटेड, स्रोहखुट्टे शाखा कार्यालय, काठमाडौंमा रहेको निजको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा फैसला गर्दै प्रतिवादी राममान श्रेष्ठलाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा जम्मा ५ (पाँच) दिन कैद र रु. १४,००,०००/- (चौंध लाख रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई आज मिति २०७९/०९/१४ गते जिल्ला काठमाडौं, का.म.पा. वडा नं.१७, धोबिचौंरबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि आजै सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय डिल्लीबजार पठाईएको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| **प्रतिवादी:** | राममान श्रेष्ठ |
| **उमेर:** | ७५ बर्ष |
| **ठेगाना:** | जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. १७ बस्ने । |
| **मुद्दा:** | वैंकिङ् कसूर |
| **सजाय:** | रु. १४,००,०००/- जरिवाना र ५ दिन कैद |
| **फैसला मिति:** | २०७९/०५/१७ गते । |
| **पक्राउ मिति:** | २०७९/०९/१४ गते । |
| **पक्राउ स्थान:** | जिल्ला काठमाडौं ,का.म.पा. वडा नं.१७ धोबिचौंर । |



**प्रवक्ता तथा सूचना अधिकारी**
**(कमल थापा)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२९१३११**
**मिति २०७९/०९/१४ गते ।**